# अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुको सामाजिक सुरक्षा योजना



# अनौपचारिक क्षेत्रका श्रमिकको लागी सञ्चालित सुरक्षा योजनाहरु




**कोषका योजनाहरु ILO अभिसन्धी १०२ मा आधारित रहि योजनाहरु कार्यन्वयन भईरहेका।**

# योजनामा समावेश हुन कोषमा जम्मा गर्नु पर्ने रकम

**सरकारको तर्फबाट हुने योगदान संघ, प्रदेश वा स्थानिय तह मार्फत क्षमताको आधारमा हुन सक्ने र यसरी जम्मा हुनु पर्ने योगदान रकम जम्मा नभएसम्म सम्पूर्ण रकम श्रमिक आफैले जम्मा गरी योजनामा सहभागी हुन सक्ने ।**

सरकारबाट

९.३७ %

\+

श्रमिकबाट

११%

→

**जम्मा न्युनतम आधारभुत पारिश्रमिकको २०.३७%**

योगदान रकम अग्रिम आवधिक रुपमा जम्मा गर्न सकिने तथा अवकाश बचत योजनामा जम्मा हुने गरी अतिरिक्त रकम समेत जम्मा गर्न सक्ने ।


# योजनाहरुमा रकमको बाँडफाँड













सामाजिक बीमा कोषमा जम्मा हुने रकम बीमा अन्तर्गतको सुविधा भुक्तानीमा खर्च हुने भएकाले फिर्ता नहुने।

# पहिलो योजनाः क) औषधी उपचार तथा स्वास्थ्य सुविधाको सिमा तथा शर्तहरु

➢ बार्षिक १ लाख सम्मको औषधि उपचार खर्च प्रदान।

- पछिल्लो १२ महिनामा कम्तिमा ९ महिना योगदान गरेको योगदानकर्तालाई OPD Treatment को वार्षिक रु २० हजारसम्मको शोधभर्ना,
- पछिल्लो १२ महिनामा कम्तिमा ९ महिना योगदान गरेको योगदानकर्तालाई IPD Treatment को वार्षिक रु ८० हजारसम्मको शोधभर्ना,




**यस योजना अन्तरगतको औषधि उपचार कोषवाट ८० प्रतिशत र योगदानकर्तावाट २० प्रतिशत व्यहोरिने व्यवस्था रहेको।**





**स्वास्थ्य संस्थालाई भुक्तानी हुने उपचार बाहेकको सुविधा योगदानकर्ता पोर्टलमा गई Online मार्फत दाबी गर्न सकिने**

# पहिलो योजनाः ख) मातृत्व सुरक्षा सुविधाको सिमा तथा शर्तहरु




- पछिल्लो १२ महिनामा कम्तिमा ९ महिना योगदान गरेको योगदानकर्तालाई मातृत्व सम्वन्धी उपचारको रु १ लाख सम्मको शोधभर्ना,
- न्युनतम आधारभुत पारिश्रमिक बराबर शिशु स्याहार खर्च,
- महिला योगदानकर्तालाई ९८ दिनसम्मको सुत्केरी बिदा वापतको नेपाल सरकारले तोकेको न्युनतम आधारभुत पारिश्रमिकको ६० % को दरले भुक्तानी,
- २४ हप्ता भन्दा बढि समयको गर्भपतनलाई समेत मातृत्व सरह शुविधा प्रदान हुने।

**यस योजना अन्तरगतको औषधि उपचार कोषवाट ८० प्रतिशत र योगदानकर्तावाट २० प्रतिशत व्यहोरिने व्यवस्था रहेको।**

**स्वास्थ्य संस्थालाई भुक्तानी हुने उपचार बाहेकको सुविधा योगदानकर्ता पोर्टलमा गई Online मार्फत दाबी गर्न सकिने**

# दोस्रो योजना: दुर्घटना तथा अशक्तता सुरक्षा योजना सुविधाको सिमा तथा शर्तहरु




- पछिल्लो १२ महिनामा कम्तीमा ९ महिनाको योगदान जम्मा भए पश्चात दुर्घटनाको औषधि उपचारको लागी रु ७ लाख सम्म शोधभर्ना ।
- दुर्घटनाको कारण अस्थाई पुर्ण असक्षम भएमा काममा नर्फकेसम्म नेपाल सरकारले तोकेको न्यूनतम आधारभुत पारिश्रमिकको ६०% वरावरको रकम ।
- दुर्घटनाको कारण स्थाई रुपमा अशक्त भएमा अशक्तताको अनुपातमा नेपाल सरकारले तोकेको न्यूनतम आधारभुत पारिश्रमिकको ६०% सम्म आजिवन असक्षमता पेन्सन ।

**कोषले तोकेको अस्पताल मार्फत उपचार गराउनु पर्ने । अन्यत्र उपचार गराउनु पर्ने भएमा ७ दिन भित्र अनुमति लिनु पर्ने ।**

# तेस्रो योजनाः क) आश्रित परिवार सुरक्षा योजना सुविधाको सिमा तथा शर्तहरु




**योगदानकर्ताको जुनसुकै कारणबाट मृत्यु भएमाः**

- वृद्धावस्था सुरक्षा योजनामा **जम्मा भएको रकम प्रतिफल सहित फिर्ता**,
- आश्रितलाई (बैवाहिक भए निजको **पति वा पत्नि** र बैवाहिक नभए एकाघरको निजको **वुवाआमा**) नेपाल सरकारले तोकेको न्यूनतम आधारभुत पारिश्रमिकको ४० % प्रति महिना पेन्सन,
- २१ वर्ष ननाघेका **बालबच्चालाई** नेपाल सरकारले तोकेको न्यूनतम आधारभुत पारिश्रमिकको ४० % शैक्षिकवृत्ती,
- रु २५ हजार **अन्तिम संस्कार** खर्च ।

**शर्तहरु**

- पछिल्लो १२ महिनामा कम्तीमा ९ महिनाको योगदान गरेको हुनु पर्ने ।
- आश्रित पेन्सन प्राप्त गर्न वैकल्पिक रोजगारी नभएको र दोस्रो विवाह नगरेको हुनु पर्ने ।

# चौथो योजना: वृद्धावस्था सुरक्षा योजना







## १ अवकाश सुविधा योजना



## २ निवृतभरण सुविधा योजना



# चौथो योजना: वृद्धावस्था सुरक्षा योजना सुविधाको सिमा तथा शर्तहरु

## १. अवकाश योजना




- स्वेच्छिक रुपमा जम्मा गरेको अतिरिक्त रकमबाट सञ्चालन गरिने ।
- रोजगारीको अन्त्य हुने वित्तिकै रकम निकाल्न सकिने ।
- तोकिए बमोजिम ब्याज र लगानीबाट प्राप्त हुने थप प्रतिफल समेत पाइने ।
- ३६ महिना योगदान पुगे पछि जम्मा भएको रकमको ८०% सापटीको रुपमा निकाल्न सकिने ।

# चौथो योजना: वृद्धावस्था सुरक्षा योजना सुविधाको सिमा तथा शर्तहरु

## २. निवृत्तभरण योजना




- ६० बर्ष उमेर पुगे पछी आफ्नो योगदानका आधारमा आजिवन निवृत्तभरण पाउने ।
  - निवृत्तभरण योजनामा जम्मा भएको प्रतिफल सहितको रकमलाई १६० ले भाग गरी मासिक निवृत्तभरण निर्धारण हुने ।
  - समय समयमा मुद्रास्फिति समायोजन हुदै पेन्सन बढ्दै जाने ।
- ६० बर्ष उमेर पुग्दै गर्दा १८० महिना भन्दा कमको योगदान भएमा एकमुष्ठ निकाल्न पनि पाईने ।
- कोषवाट निवृतभरण पाईरहेको व्यक्ति मृत्यू भएमा निजको पति वा पत्निलाई ५० प्रतिशत आजिवन मासिक रुपमा निवृतभरण ।

# अन्य छुटहरु

- सामाजिक सुरक्षा कर १ प्रतिशत बुझाउन नपर्ने ।
- अग्रिम रुपमा योगादन गरेमा १० प्रतिशत सम्म छुटको व्यवस्था ।
- लगातार तिन वर्ष सम्म सामाजिक वीमाका योजनाको उपयोग नगरेमा २० प्रतिशत सम्मको रकम निवृत्तभरण योजनामा हस्तारन्तरण हुने ।
- २०८० वैशाख १ गते देखि कार्यान्वयन ।

# धन्यवाद




## विस्तृत जानकारीको लागी

- लग इन गर्नु होस: www.ssf.gov.np
- कल गर्नु होस: १११६
- इमेल गर्नु होस: info@ssf.gov.np
- सस्क्राइब गर्नु होस:

  Facebook : social security fund

  Viber: ssfnepal

वेबसाइट : www.ssf.gov.np मा गई ऐन नियम अन्तरगत सम्बन्धित कार्यविधि पाउन सक्नुहुनेछ।